# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं जेठ २३ गते २०६८ साल (संख्या ८

## भाग ३

नेपाल सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

#### राष्ट्रिय जनगणना २०६८ को आदेश, २०६८

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय जनगणना २०६८ को आदेश, २०६८" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्छ ।

३. राष्ट्रिय जनगणना २०६८ को लागि तथ्याङ्क संकलन गर्न सक्नेः विभागले तोकेको कुनै खास अवधिभित्र नेपालको यकिन जनसंख्या, जनताको आर्थिक तथा सामाजिक तथ्य, मातृभाषा, जातजाति, धर्म, बसाई-सराई, शैक्षिक योग्यता, वैवाहिक स्थिति, आम्दानी हुने काममा लागेको वा नलागेका व्यक्तिहरुको विवरण समेत प्राप्त गर्नको लागि २०६८ सालमा गरिने राष्ट्रिय जनगणनाको सन्दर्भमा अनुसूची १, २ र ३ बमोजिमका कुराहरु सोधी जनगणनाको कार्य गर्न वा गराउन सक्नेछ ।

४. अधिकृत र कर्मचारीको नियुक्ति र मनोनयनः विभागले दफा ३ बमोजिम जनगणना गर्ने कामको लागि आवश्यक अधिकृत तथा कर्मचारी नियुक्ति वा मनोनयन गर्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीको काम, कर्तव्य र अधिकारः (१) जनगणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित परिवारको मूली वा परिवारको बारेमा जवाफ दिन सक्ने जिम्मेवार व्यक्तिसंग सोधपुछ गरी अनुसूची-१, २ र ३ मा उल्लिखित कुराहरुसंग सम्बन्धित विषयको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणलाई जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिएको अधिकृत वा कर्मचारी समक्ष बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको काममा लागेको अवधिको लागि जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले नेपाल सरकारले तोकिदिए बमोजिम निश्चित रकम पारिश्रमिक वापत पाउनेछ ।

६. जनगणना गर्ने काममा सहयोग गर्नु पर्ने : जनगणना गर्ने कामसंग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीलाई सहयोग गर्नु नेपाल सरकारका सबै कार्यालय, सरकारी वा गैर सरकारी संस्था, गाउँ विकास समिति, नगरपालिका तथा सबै नागरिकको कर्तव्य हुनेछ ।

७. संकलित तथ्याङ्कको उपयोग: संकलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यसको आधारमा जनगणनाको प्रतिवेदन प्रकाशन गर्नेछ ।

तर प्रतिवेदन प्रकाशन नहुँदै विभागले आवश्यक ठानेमा संकलित तथ्याङ्क समष्टि वा आंशिक रुपमा पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलव्ध गराउन सक्नेछ ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १

(दफा ३ र ५ संग सम्बन्धित)

### घर परिवार सूचिकरण लगत र परिचयात्मक विवरण

१. जिल्ला.......... गा.वि.स./ न.पा. ....

गाउँ/बस्ती/टोल/वडा.नं.....गणना क्षेत्र नं. ...

२. घर क.सं. :-

३. परिवार क.सं. :-

४. परिवार मूलीको नाम, थर, जातजाति :-

५. अक्सर बसोबास गर्ने जम्मा सदस्य, पुरुष, स्त्री, तेस्रो लिङ्गी :-

६. परिवारले कृषि प्रयोजनको लागि यस जिल्लाभित्र चलन गरेको जग्गा र क्षेत्रफल :-

७. परिवारले कृषि प्रयोजनको लागि पालेका पशुपन्छी र संख्या :-

८. परिवारले चलाएको कृषि बाहेक साना घरेलु व्यवसाय :-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २

(दफा ३ र ५ संग सम्बन्धित)

लगत १

१. परिचयात्मक विवरण:

१.१ जिल्ला.......... गा.वि.स./ न.पा. ....
गाउँ/बस्ती/टोल/वडा.नं.....गणना क्षेत्र नं. ...

१.२ घर क्र.सं. .... परिवार क्र.सं. ...

१.३ परिवार मूलीको नाम, थर, लिङ्ग :-

१.४ परिवारमा अक्सर बसोबास गर्ने सदस्य जम्मा ..... पुरुष ...... स्त्री.......

१.५ परिवारमा अनुपस्थित व्यक्ति (स्वदेशभित्र रहेका वा विदेश गएका) जम्मा : ...... पुरुष .... स्त्री ....

२. पारिवारिक विवरण :

२.१ घरको स्वामित्व :-

२.२ घरको बनौट :-

२.३ पिउने पानीको श्रोत :-

२.४ खाना पकाउने इन्धनको प्रयोग :-

२.५ बत्ती बाल्ने साधन :-

२.६ चर्पीको प्रयोग :-

२.७ परिवारले प्रयोग गरेका सुविधाका साधनहरु :-

२.८ महिलाको नाममा रहेको घर, जग्गा र जग्गाको क्षेत्रफल :-



६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.९ विगत १२ महिनामा परिवारमा कसैको मृत्यु भएको भए मृत्यु भएको कारण र व्यक्तिको विवरण :-

२.१० परिवारमा अनुपस्थित व्यक्ति विदेश गएको भए विदेश गएको कारण र व्यक्तिको विवरण :-

## ३. व्यक्तिगत विवरण :

३.१ क्रम संख्या :-

३.२ परिवारका सदस्यको नाम, थर :-

३.३ परिवार मूलीसंगको नाता :-

३.४ लिङ्ग :-

३.५ उमेर :-

३.६ जात/जाति :-

३.७ बैवाहिक स्थिति, पहिलो विवाह गर्दाको उमेर (१० वर्ष वा सोभन्दा माथिलाई मात्र) :-

३.८ धर्म :-

३.९ मातृभाषा र दोस्रो भाषा :-

३.१० नागरिकता :-

३.११ शारीरिक वा मानसिक अपाङ्गता भएको / नभएको :-

३.१२ लेखपढ गर्न जानेको / नजानेको (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-

३.१३ हाल स्कूल/कलेज जाने गरेको/नगरेको (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-

३.१४ लेखपढ गर्न जानेको भए उत्तीर्ण गरेको तह, क्षेत्र र विषय (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-



63 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- ३

**(दफा ३ र ५ संग सम्बन्धित)**

**लगत २**

१. **परिचयात्मक विवरण :**

१.१ जिल्ला ... गा.वि.स./न.पा. .... वडा नं. .... गणना क्षेत्र .... गाउँ/बस्ती/टोल ...

१.२ लगत १ को घर र परिवार क्र.सं. .......

१.३ परिवारमा अक्सर बसोबास गर्ने व्यक्ति संख्याः जम्मा...... पुरुषः .... स्त्रीः ...

२. **व्यक्तिगत विवरण :**

२.१ परिवारमा अक्सर वसोवास गर्ने व्यक्तिको नाम :-

२.२ लिङ्गः (पुरुष/स्त्री) :-

२.३ उमेर :-

२.४ वैवाहिक स्थिति :-

२.५ जन्मस्थल :-

२.६ यहाँ बसोबास गरेको अवधि :-

२.७ यहाँ बसोबास गर्नुको मुख्य कारण :-

२.८ पाँच वर्ष अधिको बसोबास (५ वर्ष र सो भन्दाका माथिकालाई) :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.९ विवाह भएका १५ देखि ४९ वर्ष सम्मका महिलाले हालसम्म जिवित जन्माएका सन्तानको विवरण :-

२.१० विवाह भएका १५ देखि ४९ वर्ष सम्मका महिलाले वितेको १२ महिनामा जीवित जन्माएका बच्चा :-

२.११ वितेको १२ महिनामा गरेको काम र समयावधि :-

२.१२ के आर्थिक काम कहाँ गर्नु भयो :-

२.१३ आर्थिक कामगर्दाको हैसियत :-

२.१४ वितेको १२ महिनामा आर्थिक रुपले सक्रिय नहुनुको कारण :-

२.१५ १६ वर्ष भन्दा कम उमेरका केटाकेटी कोसँग बसेका छन् :-

आज्ञाले,

**युवराज भुसाल**

**सदस्य सचिव**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।